NJ: NUTA

# सेनकालीन पाल्पाको संस्कृति : एक ऐतिहासिक विवेचना

**कर्णबहादुर बानियाँ**
सह-प्राध्यापक, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा
Email for correspondence: kbaniya12@gmail.com

## विषय प्रवेश

पाल्पा नेपालको लुम्बिनी अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । प्राचीनकालमा मगर मुखियाहरूका ससाना भुरेटाकुरे थुम राज्य भएको यो क्षेत्र बाह्रौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म खस राज्यको प्रभावमा थियो । खस राज्यको विघटन पछि यो क्षेत्र पुनः भुरेटाकुरे राज्यमा विभाजित भयो जसलाई आफ्नो अधिनमा पारेर सेन वंशका शासकहरूले तीन शताब्दीसम्म शासन गरेका थिए । इसाको पन्ध्रौं शताब्दीको उत्तरार्द्धदेखि उन्नाइसौं शताब्दीको प्रारम्भसम्म कायम रहेको सेनकालीन पाल्पामा विकास भएको संस्कृतिका बारेमा चर्चा गर्नु यो लेखको उद्देश्य रहेको छ ।

## सेनकालीन पाल्पाको भौगोलिक क्षेत्र

वर्तमान नेपालको भूगोलभित्र प्राचीनकालमा अनेकौं ससाना राज्यहरू थिए । बाह्रौं शताब्दीमा कर्णाली प्रदेशका ससाना राज्यहरूलाई आफ्नो प्रभावमा पारेर नागराजले खस राज्य स्थापना गरेका थिए । पन्ध्रौं शताब्दीमा त्यो खस राज्य विघटन भइ कर्णाली प्रदेशमा बाइसी र गण्डकी प्रदेशमा चौबिसी राज्य स्थापना हुन गए । गण्डकी प्रदेशमा स्थापना भएका चौबिसी राज्य मध्ये पाल्पा पनि एक थियो । यो राज्यको स्थापना वि.सं. १५५० मा रुद्र सेनले गरेका थिए जसको अस्तित्व वि.सं. १८६१ सम्म कायम थियो । सेन वंशका सबैभन्दा महत्वपूर्ण शासक मुकुन्द सेन प्रथमको शासनकालमा पाल्पाको भूगोल पूर्वमा बराह क्षेत्र, पश्चिममा रुरु क्षेत्र, उत्तरमा मुक्ति क्षेत्र र दक्षिणमा हरिहर क्षेत्रसम्म फैलिएको थियो तर उनको निधनपछि पाल्पा राज्य टुक्रिन गइ पाल्पा, विनायकपुर, तनहुँ, रिसिङ, घिरिङ, मकवानपुर, चौदण्डी र विजयपुर नामका अनेकौं राज्यहरू स्थापना हुन गएपछि पाल्पाका राजा माणिक्य सेनको अधिनमा पूर्वमा देवघाट, पश्चिममा रिडी, उत्तरमा काली गण्डकी र दक्षिणमा चुरे पर्वतसम्मको भूभाग मात्र रहन गयो । पाल्पाका राजा त्रिलोक सेनको देहान्त भएपछि उनका उत्तराधिकारी नभएको हुनाले विनायकपुरका राजा अमर सेनले पाल्पा र विनायकपुरलाई एकै ठाउँमा गाभेर राज्य गर्न थाले । त्यसपछि पाल्पाको दक्षिणतिरको सिमाना पुनः मैदानी इलाकासम्म विस्तार हुन गयो । महादत्त सेनको शासनकालमा नेपालको एकीकरण कार्यमा पश्चिमी विजय अभियानमा गोरखालीलाई सहयोग गरेबापत पाल्पाले गुल्मी, अर्घा र खाँची राज्यको भूभाग पाएपछि यो राज्यको पश्चिमी सिमाना प्युठानसम्म विस्तार भएको थियो । तर नेपालका राजा रणबहादुर शाहले गुल्मी, अर्घा र खाँची पाल्पाबाट खोसेर आफ्ना जेठान सिद्धीप्रताप शाहलाई

दिएपछि पाल्पा राज्यको पश्चिमी सिमाना पुनः रिडीखोलासम्म कायम भयो । यसरी पाल्पा राज्यको भौगोलिक क्षेत्र बेलाबखतमा फैलिँदै र खुम्चिँदै गरेको पाइन्छ तापनि यो राज्यको सिमाना पूर्वमा देवघाट, पश्चिममा रिडी, उत्तरमा कालीगण्डकी र दक्षिणमा अवध सम्म मुकुन्द सेन प्रथमदेखि पृथ्वीपाल सेनको पालासम्म कायम रहेको देखिन्छ (बानियाँ क्षत्री, २०६३ : १४–१८) ।त्यसकारण यही भूभागलाई यस लेखमा सेनकालीन पाल्पाको भौगोलिक क्षेत्र मानिएको छ ।

## सेनकालीन पाल्पाको संस्कृति

संस्कृतिलाई शब्दकोशमा 'कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन, आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टी नाम' भनिएको छ (पोखरेल र अन्य, २०४० : १२८० ) । समाजशास्त्रीहरू मानव जातिका सबै क्रियाकलापको प्रतिक नै संस्कृति हो भन्दछन् । उनीहरूका अनुसार संस्कृतिले एकातिर मानव समुहका संस्कार र सभ्यतालाई अभिव्यक्त गरेको हुन्छ भने अर्कोतिर मानिसका भौतिक र आत्मिक पक्षलाई पनि समेटेको हुन्छ । संस्कृति मानव समुदायले विकास गरेको ज्ञान, कला, साहित्य, विश्वास, मान्यता र परम्परा हो भन्ने उनीहरूको धारणा छ (Scott and Marshal [Ed.], 2005, pp. 132-33 ).

कर्णाली प्रदेशको खस राज्यको बिघटनपछि  कर्णाली प्रदेशमा बाइसी र गण्डकी प्रदेशमा चौबीसी राज्यको स्थापना भयो । गण्डकी प्रदेशमा स्थापित कुनै पनि चौबीसी राज्यमा एकै प्रकारको संस्कृतिको विकास हुन सकेन । किनभने यो क्षेत्रमा विविध जातिको बसोबास थियो जसलाई एउटै शुत्रमा बाँध्ने आर्थिक र सामाजिक परिवेश निर्माण हुन सकेको थिएन । किनभने कृषि युग भरखर शुरु भएको थियो र त्यसलाई विस्थापित गर्ने नयाँ आर्थिक प्रणाली शुरु भएको थिएन । त्यसकारण चौबीसी राज्य मध्येको एक पाल्पा राज्य जसलाई सेनकालीन पाल्पा भनिन्छ; यहाँ पनि विविध जातिलाई समेटेर एकै प्रकारको संस्कृतिको विकास हुन सकेको थिएन । त्यसकारण सेनकालीन पाल्पामा सांस्कृतिक विविधता थियो ।

## सेनकालीन संस्कृतिका प्रतिकहरू

मानव समुदायका विविध संस्कृति बारे जानकारी दिने अनेकौं प्रतिकहरू हुन्छन् । त्यसकै आधारमा हामीले कुन संस्कृति कुन मानव समुहको हो भन्ने कुराको पहिचान गर्न सक्दछौं । ती प्रतिकहरूमध्ये भाषा, साहित्य, कला, धर्म, संस्कार र चाडपर्व मुख्य मानिन्छन् । त्यसकै आधारमा यो लेखमा सेनकालीन संस्कृतिको बारेमा चर्चा गर्ने प्रयास गरिन्छ ।

### भाषा

एकै प्रकारका मानव समुदाय वा एउटै भौगोलिक क्षेत्रमा बस्ने मानिस या एकै किसिमको सांस्कृतिक परम्परा भएका मानव समुहले आफ्नो काम व्यवहारमा ध्वनीका माध्यमबाट सम्प्रेषण गर्ने क्रियाकलापलाई भाषा भनिन्छ (Encyclopedia-6, 1975, p. 32) । भाषालाई कथ्य र लेख्य रूपमा दुई किसिमले अभिव्यक्त गर्न सकिन्छ । यहाँ सजिलोका लागि कथ्य भाषालाई बोलीचालीको भाषा तथा लेख्य भाषालाई सरकारी भाषा र साहित्यको रूपरेखाको रूपमा प्रस्तुत गरिएको छ ।

### बोलीचालीको भाषा

जुनसुकै मुलुकको पहिचान उसको भाषा र संस्कृतिबाट हुन्छ । साझा किसिमको भाषा, संस्कार, संस्कृति, रहनसहन भएका मानिसहरूको मनोविज्ञान पनि समान प्रकारको हुनेहुनाले त्यस्तो मानव समुहलाई

एक जातिको रूपमा चिनिन्छ (ibid, volume-3, p. 980) जसलाई विभिन्न मानव समुहको पहिचानको रूपमा लिइएको छ । सेनकालीन पाल्पाको भौगोलिक क्षेत्रभित्र आ-आफ्नै किसिमको पहिचान भएका अनेकौँ जातिका मानिसहरूको बसोबास भएको पाइन्छ । ती बासिन्दामध्ये पहाडी इलाकामा मुख्य रूपमा मगर र खस-आर्य तथा मैदानी इलाकामा थारु र वैदिक-आर्य जातिको बसोबास भएको पाइने हुँदा यहाँ ती जातिहरूले बोल्ने भाषाका बारेमा चर्चा गरिन्छ ।

## मगर ढुट

मध्यकालमा मर्स्याङ्दीदेखि पश्चिम प्युठानसम्मको इलाकालाई 'बाह्र मगराँत' भनिन्थ्यो भन्ने कुरा वि.सं. १८९३ को एक अभिलेखबाट ज्ञात हुन्छ (नेपाली, २०३५ : १४४) । हेमिल्टनले मध्यकालमा पाल्पा क्षेत्रमा मगर मुखियाहरूद्वारा शासित बाह्रवटा थुम राज्य भएको र ती राज्यहरूलाई हराएर सेन वंशी शासकले आफ्नो राज्य स्थापना गरेको कुरा उल्लेख गरेका छन् (Hamilton, 1986, pp. 27 and 178) . त्यस्तै वि.सं. १८७७ देखि १८९९ (सन् १८२०-१८४२)सम्म नेपालमा बसेका र नेपालका विभिन्न जातिको बारेमा अध्ययन गरेका ब्रेन एच. हड्सनले पनि मर्स्याङ्दीदेखि भेरीसम्मको इलाकालाई 'मगराँत' भनेका छन् (Hodgson, 1972, p. 40) . सेनकालीन पाल्पा राज्यको पहाडी प्रशासनिक क्षेत्र माथि उल्लेखित इलाकाभित्र पर्ने हुनाले यो क्षेत्रमा मगर जातिको बसोबास थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

मगरहरूले बोल्ने भाषालाई मगर ढुट, खाम र काइके भनी वर्गीकरण गरिएको छ । बाह्र मगराँतका बासिन्दाले बोल्ने भाषालाई मगर ढुट, अठार मगराँतका बासिन्दाले बोल्ने भाषालाई खाम र डोल्पाका तराली मगरले बोल्ने भाषालाई काइके भनिन्छ (wiki/magar). बाह्र मगराँत गण्डकी प्रदेशको मर्स्याङ्दीदेखि प्युठानसम्मको इलाका भएको कुरा माथि उल्लेख गरिसकिएको छ । सेनकालीन पाल्पा यही क्षेत्रमा पर्ने हुनाले यो इलाकामा बस्ने मगरहरूले मगर ढुट बोल्दथे भन्ने कुरा स्वतसिद्ध हुन्छ । बाह्र मगराँतभित्र पर्ने पाल्पामा प्राचीनकालदेखि अहिलेसम्म पनि आले, थापा र राना थरका मगर जातिको बसोबास भएको र तिनीहरूले मगर ढुट बोल्ने गरेको कुरा एक शोधप्रबन्धमा उल्लेख छ (जी.सी.,२०६७ : ७९–८५) । माथि उल्लेखित उदाहरणहरूले के सावित गर्दछन् भने सेनकालीन पाल्पामा मगर जातिको बसोबास थियो र उनीहरूको बोलीचालीको भाषा मगर ढुट थियो ।

## खस कुरा

खसहरू प्राचीनकालमा मध्य एसियाबाट खसगर, काशगर, हिन्दुकुश, काश्मीर, गढवाल, कुमाउँ हुँदै नेपालको कर्णाली प्रदेशमा प्रवेश गरी आफ्नो राज्य स्थापना गरेका थिए (Atkinson, 1974, pp. 380 and 397) । खस राज्यको समृद्धि र वैभव चरमोत्कर्षमा पुगेका बेला यो राज्य पूर्वमा गण्डकी प्रदेशको त्रिशुली नदीसम्म, पश्चिममा गढवाल, उत्तरमा गुँगेपुराङ् र दक्षिणमा शिवालिक प्रदेशसम्म फैलिएको थियो । त्यतिखेर गण्डकी प्रदेशमा खसहरूले स्थायी रूपमा बसोबास गरिसकेका थिए (Adhikari, 1988, p. 43). सेनकालीन अभिलेखहरूको अध्ययनबाट त्यतिखेर पाल्पामा खस जातिको बसोबास भएको ज्ञात हुन्छ (घिमिरे, २०६९ : ११७-१८ र १८६–२६८) । खसहरूको आफ्नै भाषा र संस्कृति थियो । खसहरूले बोल्ने भाषालाई 'खस कुरा' भनिन्थ्यो (Hodgson, 1972 : 1-2). भारतका भाषाहरूको अध्ययन गर्ने विद्वान ग्रियर्सनले खस-आर्यले बोल्ने भाषालाई 'खस कुरा वा खस बोली' भनिन्थ्यो भनेका छन् । उनको भनाइ अनुसार नेपालको एकीकरणताक सो भाषा गोरखालीले बोल्ने हुनाले 'गोरखा भाषा' पनि भनियो, साथै पहाडपर्वतका मानिसले बोल्ने हुनाले 'पर्वते भाषा' पनि भनिन्थ्यो (Griarson, 1916, p.

18). माथि दिइएका उदाहरणले सेनकालीन पाल्पामा खस जातिको बसोबास थियो र उनीहरूले बोल्ने भाषालाई खस कुरा भनिन्थ्यो भन्ने कुराको पुष्टि हुन्छ ।

## भोजपुरी भाषा

पाल्पाका राजा मुकुन्द सेन द्वितीयले अवधका नवावसँग मित्रता गरी गण्डकीको पश्चिमपट्टिका राजपुर र तिलपुर नामक इलाका प्राप्त गरेका थिए भने महादत्त सेनले तराइको उब्जाउशील जमिन प्राप्त गरेका थिए (Hamilton, 1986, pp.171-72 and 239). यो कुराले सेनकालीन पाल्पाको दक्षिणी सिमाना तराइको मैदानी इलाकासम्म फैलिएको थियो भन्ने कुरा ज्ञात हुन्छ । नेपालको तराइ इलाकामा प्राचीनकालदेखि थारु जाति र भारततिरबाट आएका वैदिक-आर्य जातिका मानिसहरूको बसोबास भएको पाइन्छ (चौधरी, २०६५ : ३२–३६) । सेनकालीन पाल्पाको तराइको भूभाग वर्तमान नेपालको नवलपरासी, रुपन्देही र कपिलवस्तु तथा भारतको विहार र उत्तरप्रदेश पर्दथ्यो ।

भाषाशास्त्रीहरूले नेपालको नवलपरासी र रुपन्देही तथा भारतको विहार र उत्तरप्रदेशमा बस्ने मानिसहरूले भोजपुरी भाषा बोल्ने गरेको कुरा उल्लेख छन् (बन्धु, २०५२ : १९४–९६) । साथै थारु जाति बारे अध्ययन गर्ने विद्वानहरूले नेपालको पूर्वमा बस्ने थारुले मैथिली, मध्य क्षेत्रमा बस्नेले भोजपुरी र पश्चिममा बस्नेले अवधी भाषा बोल्ने गरेको बताएका छन् (चौधरी, २०६५ : १६०) । नेपालको मध्य क्षेत्र नवलपरासी, रुपन्देही र कपिलबस्तु पर्ने हुनाले भाषाशास्त्री र समाजशास्त्रीको भनाइलाई आधार मान्ने हो भने यो क्षेत्रमा बस्ने बासिन्दाले भोजपुरी भाषा बोल्ने गरेको देखिन्छ । साथै हिन्दी भाषाका विद्वानहरूले पनि माथि उल्लेखित स्थानहरूका सीमावर्ती भारतका गोरखपुर, आजमगढ, बलिया, बस्ती, चम्पारन आदि क्षेत्रमा भोजपुरी भाषा बोलिने कुरा उल्लेख गरेका छन् (वर्मा, सन् १९८८ : ५७) । सेनकालीन पाल्पा राज्यको तराइको भूभाग माथि उल्लेखित क्षेत्रमा पर्ने हुनाले सो क्षेत्रमा भोजपुरी भाषा बोलिन्थ्यो भन्ने कुराको पुष्टि हुन्छ ।

## सरकारी कामकाजको भाषा

मुलुकको प्रशासन सञ्चालनका सिलसिलामा तयार गरिने अभिलेखहरू लेख्दा प्रयोग गरिने भाषालाई सरकारी कामकाजको भाषा भनिन्छ । सेनकालीन पाल्पामा सरकारी कामकाजमा लेखिएका कागजहरू 'शौरसेनी भाषाबाट अपभ्रंस भएको राजस्थानी भाषा' मा लेखिएको छ भन्ने एक थरी विद्वानको भनाइ छ (उपाध्याय रेग्मी, २०४७ : ४७ ) । शौरसेनी भाषालाई प्राचीनकालको मध्येदेशीय संस्कृत भाषाबाट विकसित शुरसेन प्रदेशको आधारमा विकसित भाषा भनिन्छ (बन्धु, २०५२ : ३५–४२) । शुरसेन प्राचीनकालको भारतवर्षका अङ्ग, मगध, काशी, कोशल, वृजी, मल्ल, चेदी, वत्स, कुरु, पाञ्चाल, मत्स्य, शुरसेन, अस्मका, अवन्ती, गान्धार र कम्बोज नामका सोह्रवटा जनपद मध्येको एक मानिन्छ जसको राजधानी मथुरा थियो (Majumdar, Raychaudhari & Dutta, 1988, p. 54).

अर्का थरी विद्वानले सेनवंशी शासकको पालामा वि.सं. १५७१ देखि १८५० सम्म प्रसारित विष्णुप्रसाद घिमिरेको **पाल्पा राज्यको इतिहास,** भाग १नामक पुस्तकमा प्रकाशित अभिलेखहरूमा अवधी, भोजपुरी र मैथिली भाषाको प्रभाव पाइन्छ भनेका छन् (अधिकारी, २०५६ : ६४) । उक्त पुस्तकका लेखकले पनि सो पुस्तकमा प्रकाशित अभिलेखहरूमा अवधि र भोजपुरी भाषा प्रयोग भएको छ भनेका (घिमिरे, २०६९ : १८६) । उदाहरणका

लागि वि.सं. १७८० को गन्धर्व सेनले जारी गरेको स्याहामोहरलाई लिन सकिन्छ जसमा यस्तो ब्यहोरा उल्लेख छ–

स्वस्ति श्रीरूपनारायणेत्यादि विविध विरूदावलि विराजमानमनोन्नत श्री
महाराजाधिराज श्री श्री श्री मद्‌गंधर्वसेन देवानां सदा समरविजयिनाम्
आगे. धनराम जोइसिकै कुसुम षोला षेत मुरी १४० लगापात समेत
डिही आगे हम कुश वृत्ति दिहल पिछे गौचर समेत हमै
वन थपक से धनराम जोइसिकै कुशवृत्ति दिहल. सिवाने
पूर्व देउराली षोलाके ददोमही से उपर दर्लाम दोवाटा
वल्ड्यांग जान्या बाटा गोहादी पोषरी समेत उपर बाटा
दषिन वयर्दीप कुवा गाजुंटुं वाहुंडाडा बाटा आगिढाल
पानीढाल लप्सीषोला सांध दिहल. सम्वत १७८० मिति
बैसाष सुदी रोज ५ मु. प्रभास शुभम् ... ... ...(घिमिरे,२०६९ : १९०-९१)

पाल्पाली सेनहरूका पुर्खा तुथा सेन चम्पारनमा बसेका थिए । त्यहाँबाट पहाडतिर लागेर उनले पाल्पा र बुटवलको बीचमा पर्ने रिसियाङ् (मसिहाङ् ?) कब्जा गरेका थिए भने उनका छोराले रिब्दीकोट कब्जा गरेका थिए (Hamilton, 1986 : 130-31). भारतको चम्पारन(राजपुर र तिलपुर) पाल्पाका सेन वंशी शासकको जमिन्दारी भएको र मुकुन्द सेन प्रथमको निधनपछि पाल्पा राज्य विभाजित हुँदा कुवेर सेन सो क्षेत्रको राजा भएको देखिन्छ (घिमिरे, २०६९ : ४३) । भारतको चम्पारन र मधुवनी भन्ने स्थानहरू विहारमा पर्दछन् र ती इलाकाहरू भोजपुरी भाषा प्रभावित क्षेत्र मानिएको छ । किनकि भोजपुरी भाषा प्राचीन समयको भारतका सोह्रवटा जनपदमध्ये काशी जनपदको भाषा थियो र यो भाषा बनारस, मिर्जापुर, जौनपुर, गाजापुर, बलिया, गोरखपुर, बस्ती, आजमगढ, शाहाबाद, चम्पारन, सारन र नागपुरसम्म फैलिएको थियो (वर्मा, सन् १९८८ : ५७) । सेन वंशी शासकहरू भोजपुरी भाषा प्रभावित क्षेत्रबाट पाल्पामा आएको र सो स्थानमा उनीहरूको सम्पर्क भइरहेको तथा त्यतिखेर पाल्पामा लेखपढ गर्न जान्ने मानिसहरू नभएको हुँदा सेनहरूले सरकारी कामकाजमा लेखनदासको काम गर्न त्यही क्षेत्रका भोजपुरी भाषा जान्ने विद्वानलाई प्रयोग गरेका हुन सक्दछन् । माथि दिइएका उदाहरणले पनि सोही कुराको पुष्टि गरेको हुनाले सेनकालीन पाल्पामा सरकारी कामकाज गर्दा भोजपुरी भाषा प्रयोग गरिन्थ्यो भन्ने कुरा प्रमाणित हुन्छ ।

## साहित्य

शब्दार्थ अनुसार 'जीवन र जगतसँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख, ग्रन्थ आदि साहित्य हो' (पोखरेल र अन्य, २०४० : १३४२) ।

सेनकालीन साहित्यको चर्चा गर्दा वि.सं. १७२३ मा लक्ष्मीनारायणले 'समयाचार', नामक ग्रन्थ तयार गरेको देखिन्छ । अमर सेनको शासनकालमा (वि.सं. १६९९-१७५०)मा तिथिको गडबडका कारण चाडबाड मनाउन अप्ठेरो परेको हुनाले गंगादास द्विवेदीले 'तिथि निर्णय' नामक ग्रन्थ तयार गरेका थिए (उही, १२६-३५) । पं. काशीराजले वि.सं. १७७१ मा 'गण्डकी महात्म्य' तयार गरेको पाइन्छ जसमा मुकुन्द सेन प्रथमको यश तथा कीर्तिको बयान गरिएको छ (सेन, २०५९ : १२-१३) । मुकुन्द सेन द्वितीयको समय (वि.सं.१८०९-१८३९)मा

हिन्दु विधि अनुसार पूजापाठ र नित्यकर्म गर्न सजिलोहोस भन्ने हेतुले कुलनिधि शर्माले 'सुत्रार्थ दर्पण', 'कर्मकाण्ड विधि', 'कर्मकाण्ड निबन्ध', र 'नित्यकर्म प्रकाश' नामक पुस्तक तयार गरेका थिए । महादत्त सेनको शासनकाल वि.सं १८४२ मा जोतिर्विद जगन्नाथले 'रसतरंगिणी" नामक ग्रन्थ तयार गरेका थिए । त्यही समयका डम्बर सेनले वि.सं. १८४३ मा 'बाजी शालीहोत्रम्',नामक ग्रन्थ रचना गरेका थिए । यसरी नै पृथ्वीपाल सेन (वि.सं.१८५०-१८६१)ले 'प्रसाद कौमुदी', र उनका भाइ रणबहादुर सेनले 'गण्डकीस्तोत्रम्', 'तर्पण विधि', र 'ब्रह्मशब्द निर्णय', र गंगाविष्णुले 'आचार दिपक' नामक ग्रन्थ रचना गरेको पाइन्छ (घिमिरे, २०६९ : १२६-३५) । यही क्रममा रत्न सेनका सहयोगी भवदत्त पण्डितले वि.सं.१८५९ मा पाल्पा, विनायकपुर र गुल्मीका सेनको वंशवृक्षलाई आधार बनाएर 'सेन वंशावली', नामक ग्रन्थ तयार गरेका थिए (राजवंशी, २०२० : क-ख ) । सेनकालमा रचित यी सबै ग्रन्थहरू संस्कृत भाषामा लेखिएका छन् ।

## धर्म

मध्यकालमा नेपालका बाइसी तथा चौबीसी राज्यहरूमा हिन्दु धर्मको प्रभाव बढ्दै गएको पाइन्छ । पाल्पाको सेन राज्यमा पनि त्यसको प्रभाव देखिन्छ । यस राज्यका राजाहरू हिन्दु धर्मका अनुयायी थिए भन्ने कुरा तत्कालीन समयमा निर्मित विभिन्न देवालयहरूको अध्ययनबाट थाहा हुन्छ । सेन वंशका शासकहरूले हृषीकेशलाई इष्टदेवता तथा भवानीलाई इष्टदेवी मान्दथे । त्यसकारण सेन वंशका शासकहरूले प्रसारण गरेका स्याहामोहरहरूका शिरमा 'श्री भवानी हृषीकेशौ जयत :' भन्ने वाक्य लेखिएको पाइन्छ (घिमिरे, २०६९ : १८५-२६८) । सेन राजाहरू हिन्दु धर्मका शैव, वैष्णव र शाक्त तीनवटै संप्रदायमा विश्वास राख्दथे जुन कुराको साक्षीको रूपमा रहेका तत्कालीन समयमा निर्मित देवालयहरू अद्यापि विद्यमान छन् । सेनकालीन शैव संप्रदायका देवालयहरू प्रभासको शिवालय, रिडीको मुकुन्देश्वर महादेव मन्दिर, पाल्पा भैरवको मन्दिर, नवलपरासीको सिखौली तथा देवघाटमा निर्मित शिवालय तथा अमरगञ्जमा निर्मित भैरव मन्दिर हुन । वैष्णव संप्रदायका देवालयहरू रिडीमा निर्मित हृषिकेश मन्दिर र प्रभासमा निर्मित वंशगोपालको मन्दिर हुन् । सेनकालमा शाक्त संप्रदायको पनि धेरै नै विकास भएको पाइन्छ । पाल्पाको पहाडी भेकमा बस्ने बासिन्दाहरूमध्ये खस जातिले भगवतीलाई र मगर जातिले चन्डीलाई तथा सेन वंशले भवानीलाई इष्ट देवी मान्ने भएकाले पनि त्यतिखेर शाक्त संप्रदायको महत्व बढेको देखिन्छ । त्यसकारण सेनकालमा शैव र वैष्णव संप्रदायका मन्दिरहरूमा पनि देवीका मूर्ति राख्ने परम्परा भएको पाइन्छ । यसको उदाहरणका लागि पाल्पा भैरव मन्दिर र रिडीको ऋषिकेश मन्दिरमा राखिएका देवीका मूर्तिलाई लिन सकिन्छ । सेनकालमा निर्मित शाक्त संप्रदायको मन्दिर तानसेनको भगवती मन्दिर हो । मगरहरूले चण्डी पूजा गर्ने स्थानमा सेनकालमा प्रस्तर मूर्ति स्थापना गरी मन्दिर बनाइएको थियो । नेपाल-अङ्ग्रेज युद्धका बेला उजिरसिंह थापाले लडाइँमा विजय प्राप्त गर्ने शक्ति पाएमा ठूलो मानमनितो गर्ने छु भनी त्यही मूर्ति सामु भाकल गरेका थिए र युद्ध समाप्त भएपछि कलात्मक मन्दिर निर्माण गराउनुका साथै धातुको अठार बाहु भएको भगवतीको मूर्ति प्रतिस्थापना गरेका थिए (बानियाँ, २०५३ : ६ ) ।

## संस्कार र चाडपर्व

मानिसले जन्मदेखि मृत्युसम्म गर्ने विभिन्न प्रकारका रीति-रिवाजलाई संस्कार भनिन्छ । मानिसले गर्ने संस्कारलाई उसले मान्ने धर्म तथा परम्पराले असर गरेको हुन्छ । सेनकालीन पाल्पामा खस-आर्य, मगर, थारु, आर्य, बोटे, कुमाल र मुस्लिम जातिको बसोबास भएको हुनाले उनीहरूले आ-आफ्नै रीत र परम्परा अनुसारका

संस्कार र चाडपर्व मनाउँदथे । तापनि सेनकालीन पाल्पामा राज्यले मुख्य रूपमा हिन्दु धर्म अनुसारको संस्कार र चाडपर्वलाई प्राथमिकता दिएको देखिन्छ । यसै उद्देश्य पूर्तिका लागि मुकुन्द सेन द्वितीयको समय (वि.सं.१८०९-१८३९) मा कुलनिधि शर्मालाई हिन्दु धर्म अनुसार जन्मदेखि मृत्युसम्म गर्नुपर्ने संस्कार र मनाउनु पर्ने चाडपर्वको विधान उल्लेख गरेर 'कर्मकाण्ड विधि', 'कर्मकाण्ड निबन्ध' र 'नित्यकर्म प्रकाश' नामक पुस्तक तयार गर्न लगाइएको थियो (घिमिरे, २०६९ : ११९-२०) । यसबाट सेनकालीन पाल्पाका शासकहरूले समाजलाई हिन्दुकरण गर्ने कार्यलाई प्राथमिकता दिएका थिए भन्ने देखिन्छ ।

## कलाकौशलस्वास्तुकला

आवास वा देवालय निर्माण गर्दा अपनाइने शैलीलाई वास्तुकला भनिन्छ । सेनकालमा दरबार, सर्वसाधारणका घर र देवालय निर्माण गर्दा अलगअलग शैली प्रयोग गरिन्थ्यो । त्यसकारण पाल्पामा पाइने सेनकालीन वास्तुकलालाई आवासीय वास्तुकला र धार्मिक वास्तुकला भनी वर्गीकरण गर्न सकिन्छ ।

## आवासीय वास्तुकला

आवासीय वास्तुकलामा दरबार र सर्वसाधारणका घरको बनावट पर्दछ । यस लेखमा सेनकालमा बनेका दरबारहरूको बनावटका बारेमा मात्र चर्चा गरिने छ । सेन राजाहरूका दरबार पाल्पा (पुरानोकोट), प्रभास, नुवाकोट, बुटवल र श्रीनगरमा बनेको कुरा ती स्थानहरूबाट प्रसारित कागजहरूबाट ज्ञात हुन्छ (घिमिरे, २०६९ : १८९-२५४) ।

दरबारहरू राजा बस्ने आवास भएकोले सर्वसाधारणका घर भन्दा फरक किसिमले बनाइएका हुन्थे । पहिलो कुरा दरबारहरू प्राकृतिक रूपमा सुरक्षित रहेका अग्लो डाँडामा शत्रुले सजिलैसित आक्रमण गर्न नसक्ने गरी बनाइएका हुन्थे । दोस्रो कुरा सुरक्षाकर्मी, भान्से र अन्य धेरै मानिसहरू बस्नुपर्ने भएकोले दरबार धेरै कोठा भएको भब्य महलको रूपमा बनाइन्थ्यो । तेस्रो कुरा दरबारमा बैठक गर्नुपर्ने भएकोले धेरै जना अट्न सक्ने ठूलाठूला कोठा बनाइन्थ्यो । चौथो कुरा दरबारलाई सुरक्षित राख्नका लागि त्यसको साथमा मजबुत किल्ला निर्माण गरिएको हुन्थ्यो (शर्मा, २०५५ : ३२-३३) ।

## पाल्पा दरबार

पाल्पाको भैरवस्थान नजिकमा रहेको पुरानोकोट भन्ने ठाउँमा बनेको दरबारलाई पाल्पा दरबार भनिन्छ । पाल्पामा सेन वंशको शासन स्थापना गर्ने राजा रुद्र सेनले रिब्दीकोटबाट आफ्नो राजधानी सिलाङ्थोकको डाँडामा सारेका थिए र त्यसपछि यो दरबार बनाइएको थियो (घिमिरे, २०६९ : ३३ । यसको निर्माणमा कुँदेका ढुङ्गा, पाका इटा, झिँगटी र भवनको छानाका चारै चोसामा हाँसको आकृति भएका टायल प्रयोग भएको कुरा उक्त दरबार रहेको स्थानमा प्राप्त भग्नावशेषबाट ज्ञात हुन्छ (शर्मा, २०५५ : ५७-५८ ) । साथै यो दरबार मध्यकालीन दरबार वास्तुकला अनुसार शत्रुबाट सुरक्षित पश्चिमतिर भिरालो जमिन भएको, दक्षिण तथा पूर्वबाट माथि उक्लन सकिने खुट्किला बनाइएको अग्लो डाँडामा निर्माण गरिएको थियो भन्ने कुरा सो दरबार रहेको स्थानको अवलोकनबाट थाहा हुन्छ ।

## बुटवलको रङ्गमहल

बुटवलको फूलवारीमा सेनकालमा बनेको दरबार छ । यो दरबारको समिपमा अवस्थित शिवालयमा प्राप्त अभिलेखमा 'श्री शाके १४(६०?)...महाराजाधिराज श्री मु(कुन्द) सेन वि(जयराज्य)...' (घिमिरे, २०६९ : १८७)

लेखिएको छ जस अनुसार वि.सं. १५९५ मा यो शिवालय स्थापना गरेको देखिन्छ । त्यतिखेर मुकुन्द सेन प्रथम पाल्पाका राजा भएको हुनाले उनको समयमा नै शिवालयको स्थापना गरी यो दरबारको निर्माण कार्य आरम्भ गरिएको देखिन्छ । वि.सं. १८३४ मा पाल्पाका सेनवंशी राजा मुकुन्द सेन द्वितीयले गोरखाली भारदार परशुराम थापालाई लेखेको पत्रमा 'मुकाम बटौली रंगमहल' लेखिएको हुनाले यो दरबारलाई 'रङ्गमहल' भनिन्थ्यो भन्ने कुरा थाहा हुन्छ (उही, २१२) । मुगल शैलीमा रंगरोगनको प्रयोग हुने र भित्तामा विभिन्न किसिमका कलात्मक चित्र कुँदिने हुनाले विद्वानहरूले यो दरबार मुगल शैलीमा निर्माण भएको कुरा सो दरबारको बाँकी रहेको उत्तरतर्फको भित्ताको अध्ययनबाट थाहा हुन्छ भनेका छन् । दरबारको जगमा ढुङ्गा प्रयोग गरिएको छ भने त्यसपछि काठ प्रयोग गरिएको छ । जगमाथिको गारो भने ईटा र ढुङ्गाले बनाइएको छ । ठूलो आकारका इटा प्रयोग गरी ९० से.मी. मोटाइ भएको गारो बनाइएको छ । यो दरबारमा दुई वटा ठूला हल र चार वटा कोठा बनाइएको थियो भन्ने कुरा यसको भग्नावशेषबाट थाहा हुन्छ (शर्मा, २०५५ : ६८-६९) । यो दरबारको अर्को विशेषता यसको सुरक्षार्थ दरबारदेखि ठिक माथि नुवाकोट गढी र यसको केही तल जितगढी बनाइएको देखिन्छ ।

### अन्य दरबारहरू

प्रभासबाट स्याहामोहर प्रसारित गरिएकोले त्यहाँ पनि सेन राजाहरूको दरबार भएको देखिन्छ । तर आजकाल सुन्दर गाउँ भनिने ठाउँमा 'दरबार थुम्का' भन्ने ठाउँ छ जहाँ दरबारको कुनै आकृति प्राप्त हुन सकेको छैन । नुवाकोटलाई मुकाम बनाएर मुकुन्द सेनले वि.सं. १८३० र १८३४ मा पत्राचार गरेको हुनाले त्यहाँ पनि दरबार थियो भन्ने भनाइ छ । यो दरबार ढुङ्गा, माटो, काठ, पाको इटा, टायल र झिँगटी प्रयोग गरी बनाइएको थियो भन्ने कुरा भग्नावशेषबाट थाहा हुन्छ (घिमिरे, २०६९ : १५६, २०८-२०९) । पाल्पा पुरानोकोटमा रहेको दरबारमा आगलागी भएपछि महादत्त सेनले वि.सं. १८४२ मा श्रीनगरमा दरबार निर्माण गरेका थिए । यो दरबार ठूलो जग भएको अनेकौं कोठामा विभाजित थियो र यसको निर्माणमा कुँदेका ढुङ्गा, पाको इटा, टायल, झिँगटी, काठ र माटो प्रयोग भएको थियो भन्ने कुरा भग्नावशेषको अध्ययनबाट थाहा हुन्छ (उही, १५६-५७) ।

### धार्मिक वास्तुकला

धार्मिक वास्तुकला आवासीय वास्तुकलाभन्दा विशेष किसिमले फरक हुन्छ । किनकि देवालयको निर्माण गर्दा देवदेवीलाई प्रतिस्थापित गर्ने स्थानमा गर्भगृह निर्माण गरिएको हुन्छ । प्राङ्गणमा सो मन्दिरमा राखिने देवीदेवताका वाहनको मूर्ति राखिएको हुन्छ । साथै धार्मिक संप्रदाय अनुसार देवालय पनि फरक फरक शैलीमा निर्माण गरिएको हुन्छ ।

पाल्पामा पाइने सेनकालीन धार्मिक वास्तुकलाका नमुनामा रिडीको हृषिकेश मन्दिर, मुकुन्देश्वर महादेव मन्दिर, पाल्पा भैरवस्थान मन्दिर र प्रभासको शिवालयलाई लिन सकिन्छ । यी मन्दिरहरूको निर्माण शैलीलाई हेर्दा वास्तुकलाको विविधता पाइन्छ ।

### हृषिकेश मन्दिर

पाल्पाको अर्गली गा.वि.स.को वडा नं ९ मा यो मन्दिर निर्माण गरिएको छ । यो मन्दिर सेनवंशका प्रख्यात राजा मुकुन्द सेन प्रथमले निर्माण गराएका थिए । फुस्रो बलौटे ढुङ्गा र इटाले निर्माण गरिएको यो मन्दिरले सेनकालीन वास्तुकलाको विशिष्टता झल्काउँदछ । मध्यकालीन शिखर शैलीका मन्दिरमा पाइने पूर्ण विशेषता नभएपनि सो शैलीका प्रारम्भिक लक्षण यो मन्दिरमा पाइन्छ भन्ने विद्वानहरूको भनाइ छ (खनाल, २०५५ : ८८) ।

पूर्वतिर फर्किएको यो मन्दिर जमिनबाट दुई सिँढी माथि उठाएर बनाइएको छ । यसको गर्भ गृह वर्गाकार छ जसमा शालिग्राम जस्तै स्निग्ध कालो प्रस्तरको हृषिकेशको चतुर्भुज मूर्ति छ । चार बाहुमा शंख, चक्र, गदा र पद्म नामक आयुध धारण गरिएको छ (उही ) । यो मन्दिरलाई विभिन्न समयमा जिर्णोद्धार गरिएकोले सेनकालमा बनेको शैलीमा केही फरकपन आएको देखिन्छ ।

## भैरव मन्दिर

पाल्पाको भैरवस्थान गा.वि.स. वडा नं. ५ मा रहेको भैरव मन्दिर वास्तुकलाको दृष्टिले अन्य मन्दिर भन्दा फरक छ । यो मन्दिरको वास्तुकलामा नेपाली तले शैली र बौद्ध विहार निर्माण शैलीको समिश्रण पाउन सकिन्छ । अन्य मन्दिरमा गर्भगृह भुइँ तलामा हुन्छ तर यो मन्दिरमा भैरवको मूर्ति प्रतिस्थापित गरिएको गर्भगृह माथिल्लो तलामा छ । साथै यो मन्दिरको प्राङ्गणमा अजङ्को त्रिशुल राखिएको छ जसलाई कतिपय मानिसहरूले एसियाकै सबैभन्दा ठूलो त्रिशुल भनेका छन् । अग्लो पहाडको थुम्कोमा अवस्थित यो देवालय मन्दिर, पाटी, पौवा, सत्तल र आवास समेत जोडिएर वर्गाकारमा बनेको हुनाले बीच भागमा प्राङ्गण बन्न गएको छ जसले बौद्ध विहार निर्माणको शैलीलाई पछ्याएको जस्तो देखिन्छ । मुख्य मन्दिर चतुष्कोणाकार र दुई वटा छाना भएको छ जसको सिरानको छानामा गजुर राखिएको छ । मन्दिरको मूल गर्भगृह एक तला माथि भएकोले माथि उक्लनका लागि सिँढी बनाइएको छ । पूर्वाभिमुख सानो ढोका भित्र कपडाले छोपेर भैरवको मुखाकृति सजाइएको छ जसलाई भक्तजनहरूले पुजा गर्दै आएका छन् । भैरवको मुकुण्डो सँगै कुकुरका आकृति पनि बनाइएको छ जसलाई भैरवका वाहन भनिन्छ । भैरवको मुकुण्डोसँगै वाहनको रूपमा कुकुर राखिएको हुनाले यसलाई वटुक भैरव भनिन्छ भन्ने विद्वानहरूको भनाइ छ (शर्मा, २०६० : ९१) । भक्तजनहरूले दर्शन गर्नका लागि राखिएको यो मूर्ति प्रारम्भमा तामाको भएकोमा पछि रानी ठाँटीका रायमाझीले चाँदीको बनाइ दिएका हुन भन्ने भनाइ छ (गिरी, २०६९ : २३९) । यो मन्दिरको चौकोस र खम्बा जिर्ण भएपछि वि.सं. १९४५ मा हरिभक्तका परिवारले सुनको जलप लगाइ पित्तलको पाताले मोडेका थिए (खनाल, २०५५ : ९३ र १५५) ।

यो मन्दिर सेन वंशी राजा मुकुन्द सेन प्रथमले बनाएका हुन । भाषा वंशावलीमा मुकुन्द सेनले काठमाडौं उपत्यकामा आक्रमण गरी मच्छिन्द्रनाथको रथ सँगै डुलाउने भैरवको मूर्ति उखेलेर लगेका थिए भन्ने कुरा उल्लेख गरिएको छ (लम्साल,२०२३ : २७-२८) । उनको समयमा वि.सं १५८१ देखि १६०३ सम्म पटकपटक काठमाडौं उपत्यकामा आक्रमण गरिएको थियो (घिमिरे,२०६९ : १६५-६६) । त्यही बेला मुकुन्द सेन प्रथमले मच्छिन्द्र नाथको रथयात्रामा डुलाउने भैरवको मूर्ति पाल्पा ल्याइ आफ्नो दरबारको नजिकमा मन्दिर बनाइ मूर्ति प्रतिस्थापना गरेका थिए । भैरवको मुकुण्डो भयङ्कर बनाउनु पर्ने शास्त्रीय विधि अनुसार ठूलाठूला आँखा, लट्टा परेका ठाडा केश, डरलाग्दा जुँघा र दाह्रासहितका तीखा दाँत भएको यो मूर्ति देख्दैमा डरलाग्दो भएकाले सर्वसाधारणका लागि दर्शनीय छैन भनी यसलाई राखिएको भुइँतलाको गर्भगृह सदैव बन्द रहन्छ । त्यसको सट्टामा माथिल्लो तलामा अर्कै मुकुण्डो बनाएर राखिएको छ ।

## प्रभासको शिवालय

तानसेन नगरपालिका वडा नं ११ मा रहेको शिवालय गुम्बज शैलीमा निर्माण गरिएको छ । यो शिवालय एक तहको पेटीमाथि चतुष्कोणाकारमा बनाइएको छ । पूर्वाभिमुख यो शिवालयको ढोका साधारण काठको छ । यसको छाना गुम्बजाकार छ भने छाना माथि इटाको गजुर बनाइएको छ । साथै चतुष्कोणाकार भागको चारै

किनारामा पनि साना गजुरका आकार बनाइएको छ । यस प्रकारको शैली सेनकालीन वास्तुकलाको नमुना मान्न सकिन्छ भन्ने विद्वानहरूको भनाइ छ (शर्मा, २०६० : ८४) । वि.सं.२०५३ सालमा यो शिवालयको जिर्णोद्धार गर्दा एउटा खस्रो प्रस्तरमा शिलालेख लेखिएको फेला परेको छ जुन प्रस्तर हाल शिवालयको पेटीमा छ । उक्त शिलालेखमा 'ओं नमः शिवायः मनुमिन्द्र गते शाके १४१४ गदैए गरौच धर्मेण (रुद्रविर सेन राजा) वै...' अङ्कित छ । यस अभिलेखमा वि.सं. १५४९ (शाके १४१४) अङ्कित भएको र त्यसमा रुद्र सेनको नाम लेखिएको हुनाले यो शिवालय सेनकालमा बनाइएको स्पष्ट हुन्छ ।

## मूर्तिकला

सेनकालीन पाल्पामा प्रस्तर मूर्तिकलाको अधिक मात्रामा विकास भएको पाइन्छ । त्यतिखेर चिल्लो कालो ढुङ्गालाई मिहिन तरिकाले कुँदेर मूर्ति बनाउने चलन भएको पाइन्छ । यस प्रकारका वैष्णव मूर्तिहरूका उदाहरणको रूपमा रिडीको हृषिकेश मूर्ति, देवघाटको विष्णु मूर्ति, प्रभासको विष्णु मूर्ति र पाल्पा नुवाकोटको विष्णु मूर्तिलाई लिन सकिन्छ (शर्मा, २०६० : २२-२६) । सेनकालीन शाक्त संप्रदायका मूर्तिहरूमा तानसेनको भगवती मन्दिरमा रहेको प्रस्तर मूर्ति कलात्मक छ । यो मूर्ति कालो चिल्लो ढुङ्गालाई मिहिन तरिकाले कुँदेर बनाइएको छ । यसमा भगवतीका अठार भुजा र प्रत्येक हातमा आयुध धारण गरेको देखाइएको छ (स्थलगत अवलोकन) । सेनकालीन पाल्पामा स्थापित भैरव मूर्ति मध्ये पाल्पा भैरवस्थान र तानसेन अमरगञ्ज स्थापित धातुका भैरव मूर्ति उल्लेखनीय छन् । पाल्पा भैरवस्थानमा काठमाडौँबाट ल्याइएको काल भैरवको मूर्ति दर्शनार्थीका लागि खुला गरिएको छैन । मन्दिरको माथि तलामा राखिएको मूर्ति चाँदीको भैरवको मुकुण्डो आकारको छ । तानसेनको अमरगञ्जमा रहेको बटुक भैरवको मूर्ति तामाको भैरवको मुकुण्डो आकारको छ (स्थलगत अवलोकन) । यसबाट के थाहा हुन्छ भने सेनकालमा अत्यधिक मात्रामा प्रस्तर मूर्ति कलाको विकास भएको भएतापनि केही मात्रामा धातु मूर्तिकलाको पनि विकास भएको थियो ।

## निष्कर्ष

मध्यकालमा गण्डकी प्रदेशमा स्थापित चौबिसी राज्यमध्ये पाल्पा पनि एक थियो । यो राज्यमा वि.सं.१५५० देखि १८६१ सम्म सेन वंशका शासकहरूले शासन गरेको हुनाले सो समयको पाल्पा क्षेत्रलाई सेनकालीन पाल्पा पनि भनिन्छ । यो राज्यको भूभाग बेलाबखतमा फैलिने र खुम्चिने गरेको देखिन्छ तापनि यो राज्यको भौगोलिक क्षेत्र पूर्वमा देवघाट, पश्चिममा रिडी, उत्तरमा कालीगण्डकी र दक्षिणमा अवधसम्मको इलाका भने सेन वंशका प्रख्यात राजा मुकुन्द सेन प्रथमको पालादेखि सो वंशका अन्तिम राजा पृथ्वीपाल सेनको पालासम्म अकण्टक रूपमा रहेको पाइन्छ ।

पाल्पा राज्यको पहाडी इलाकामा मगर, खस-आर्य, बोटे, कुमाल र मुस्लिम तथा तराई इलाकामा वैदिक-आर्य र थारु जातिका मानिसको बसोबास भएको देखिन्छ । त्यसकारण सेनकालीन पाल्पाका बासिन्दाको बोलीचालीको भाषा मगर ढुट, खसकुरा, भोजपुरी, बोटे, कुमाल, थारु र उर्दु भएको पाइन्छ । तापनि पहाडमा मगर र खस-आर्य तथा तराईमा वैदिक-आर्य र थारु जातिको प्रभाव बढी पाइएकोले पहाडी इलाकामा मगर ढुट र खस कुरा तथा तराई इलाकामा भोजपुरी भाषाको प्रभाव बढी भएको कुरा माथि दिइएको उदाहरणबाट स्पष्ट हुन्छ ।

सेनकालीन पाल्पामा सरकारी कामकाजमा संस्कृत र भोजपुरी भाषा प्रयोग गरिन्थ्यो भने साहित्य सिर्जना गर्दा संस्कृत भाषा प्रयोग गरिन्थ्यो भन्ने कुरा माथिका उदाहरणहरूबाट स्पष्ट भइसकेको छ । त्यतिखेर

शिक्षित मानिसहरूको कमी भएको र साहित्य सिर्जना गर्न संस्कृत भाषा जानेको हुनुपर्ने कारणले पनि साहित्य सिर्जनामा मानिसहरूको ध्यान कम गएको हुन सक्दछ । सेनकालीन शासकहरूले मुख्य रूपमा हिन्दु धर्मलाई प्राथमिकता दिएको कुरा तत्कालीन समयमा निर्माण गरिएका देवालय र स्थापना गरिएका देवदेवीका मूर्तिबाट स्पष्ट हुन्छ । साथै राज्यले हिन्दु धर्म अनुसारको रीत, परम्परा र चाडपर्व मनाउनका लागि सजिलोहोस भन्ने हेतुले सो धर्म अनुसारको कर्मकाण्ड विधि तयार गर्नुले पनि सेनवंशी शासकहरूले समाजलाई हिन्दुकरण गर्ने कार्यलाई प्राथमिकता दिएको देखिन्छ । साथै सेनकालीन पाल्पामा विविध जातिको बसोबास भएको र तिनीहरूका आ-आफ्नै किसिमका संस्कृति भएको भएतापनि त्यतिखेर राज्यकोतर्फबाट हिन्दु देवीदेवताका देवालयहरू निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिइएकोले राज्यको तर्फबाट हिन्दु संस्कृतिलाई नै बढी महत्व दिइएको थियो भन्ने कुरा थाहा हुन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणि, २०५६, **नेपाली भाषाको इतिहास,** काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

उपाध्याय रेग्मी, चूडामणि, २०४७, **नेपाली भाषाको उत्पत्ति,** काठमाडौँ : साझा प्रकाशन ।

खनाल, मोहनप्रसाद, २०५५, **पश्चिम नेपालका मूर्ति र स्थापत्य,** काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

गिरी, गितु, २०६९, **बृहत् लुम्बिनी क्षेत्रका पर्यटकीय सम्पदा,** लुम्बिनी विकास कोषसमेत ।

घिमिरे,विष्णुप्रसाद, २०६९, **पाल्पा राज्यको इतिहास,** भाग १, (द्वितीय संस्करण), चितवन : पद्मा घिमिरे ।

चौधरी, दिपक, २०६५, **नेपालको मधेशी समाज,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

जी.सी., सूर्यबहादुर, २०६७, "पाल्पाको मगर संस्कृति" त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र संकाय डीनको कार्यालय कीर्तिपुरमा पेश गरेको शोधप्रबन्ध ।

नेपाली, चित्तरञ्जन, २०३५,**जनरल भीमसेन थापा र तत्कालीन नेपाल,** (तेस्रो संस्करण), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), २०४०, **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ **:** नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चुडामणि, २०५२, **नेपाली भाषाको उत्पत्ति**, काठमाडौँ : साझा प्रकाशन ।

बानियाँ, कर्णबहादुर, २०५३, **पाल्पाको भगवती जात्रा**, तानसेन : श्रेष्ठ पुस्तक भण्डार ।

बानियाँ क्षत्री,कर्णबहादुर, २०६३, **पाल्पा गौँडा : एक ऐतिहासिक अध्ययन,** काठमाडौँ : फूलचोकी पब्लिकेशन एण्ड डिस्ट्रीब्यूसन प्रा.लि. ।

राजवंशी, शंकरमान (सम्पा.),२०२०, **सेन वंशावली**, काठमाडौँ : श्री ५ को सरकार, पुरातत्व र संस्कृति विभाग ।

लम्साल, देवीप्रसाद (सम्पा.), २०२३, **भाषा वंशावली,** भाग २, श्री ५ को सरकार शिक्षा मन्त्रालय, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

वर्मा, धीरेन्द्र, सन् १९८८, **हिंदीभाषा का इतिहास,** इलाहावाद : हिन्दुस्तानी एकेडेमी ।

शर्मा, डिल्लीराज, २०५५, **नेपालको किल्ला वास्तुकला,** काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

____________,२०६०, **गण्डकीप्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा : कला र वास्तुकला,** काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

सेन, सुब, २०५९, **पालपाली सेन (पालपादेखि पुरकोटसम्म),** काठमाडौँ : खड्ग सेन ओली ।

Adhikari, S. (1988). *The Khasa Kingdom.* Jayapur : Nirala Publications.

Atkinson, E. T. (1974). *Kumao Hills.* Delhi : Cosmo Publications.

Griarson, G. A. (1916). *Linguastic survey of India, Volume 19,* Part 4, Calcutta.

Hamilton, F. B. (1986). *An Account of the Kingdom of Nepal,* (Reprint). New Delhi : Asian Educational Services.

Hodgson, B. H. (1972). *Essays on the Language, Literature and Religion of Nepal and Tibbet, Part 2* (Reprint). New Delhi : Manjushree Publishing House.

Majumdar, R. C., Rayachaudhari, H. C. & Kalinkar, D. (1988). *An Advanced History of India.* Madras: S. G. Wasani for Macmillan India limited.

Scott, J. & Gordan, M. (Ed.). (2005). *Oxford Dictionary of Sociology.* New York: Oxford University Press .